ISSN: 3021-9353
Online

# सञ्चय कोष

ई-न्यूजलेटर
(कर्मचारी सञ्चय कोषको त्रैमासिक प्रकाशन)
वर्ष ११ । अंक ४६ ।
२०८० माघ-चैत

## विशेष कार्यक्रम तथा बजेटको अर्धवार्षिक समीक्षा कार्यक्रम सम्पन्न

योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागको आयोजनामा कोषको आ.व. २०८०/८१ को स्वीकृत बजेट तथा वार्षिक विशेष कार्यक्रमको पुस मसान्तसम्मको प्रगति समीक्षा बैठक २०८० माघ २० र २१ गते कोषको पुल्चोकस्थित तालिम कक्षमा सम्पन्न भएको छ । उक्त कार्यक्रममा कोषका प्रशासक, सह-प्रशासक,



सबै विभागका विभागीय प्रमुख एवम् शाखा कार्यालय/सेवा केन्द्र प्रमुखको उपस्थिति रहेको थियो । कार्यक्मको अध्यक्षता कोषका प्रशासक जितेन्द्र धितालले गर्नुभएको थियो । उक्त कार्यक्रममा आ.व.२०८०/८१ को विशेष कार्यक्रम तथा बजेटको २०८० पुस मसान्तसम्मको प्रगतिको समीक्षा गरिएको थियो ।



कार्यक्रमको शुरूवातमा कोषका सह-प्रशासक जीवन कुमार कट्वालले कार्यक्रमको औचित्यता सहित स्वागत मन्तव्य दिनु भएको थियो । सो अवसरमा योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागका विभागीय प्रमुख रोचन श्रेष्ठले कार्यसम्पादन सम्झौतामा उल्लेख भएका कार्यक्रमहरू र सो को मूल्यांकन वारे प्रकाश पार्नुभएको थियो । त्यसैगरी आर्थिक प्रशासन विभागका विभागीय प्रमुख वीरेन्द्र पौडेलले बजेट समीक्षा गर्नुभएको थियो ।

चालु आ.व. मा विभागस्तरमा ९६ वटा विशेष कार्यक्रम रहेकोमा २०८० पुस मसान्तसम्ममा ३२.३० प्रतिशत प्रगति हासिल भएको र शाखा कार्यालयतर्फ तीन वटा शीर्षकमा दिइएका कार्यक्रमहरूमा ४३.२४ प्रतिशत प्रगति भएको जानकारी गराइएको थियो । कोषको लक्ष्य प्राप्तिका लागि विभिन्न विभाग तथा शाखा कार्यालयहरू एवम् सेवा केन्द्रहरूका लागि निर्धारण गरिएका वार्षिक तथा बिशेष कार्यक्रमहरू कार्ययोजना बमोजिम सञ्चालन भएको छ छैन भनी समग्र अध्ययन र विश्लेषण गरी आगामी दिनहरूका लागि कार्यदिशा तय गर्नु कार्यक्रमको प्रमुख उद्देश्य रहेको थियो ।



कोषका विभिन्न विभाग तथा शाखा कार्यालयहरू एवं सेवा केन्द्रहरूको बार्षिक लक्ष्य तथा कार्यक्रमहरूको कार्यान्वयनलाई प्रभावकारी तथा नतिजामुखी बनाउनु बैठकको ध्येय रहेको थियो ।

कार्यक्मको कोषका प्रशासक धितालले विशेष कार्यक्रमको प्रगति, वजेटको समीक्षा, छलफलमा उठेका सवालका सम्बन्धमा निर्देशन सहितको मन्तव्य दिनुभएको थियो । दुई दिनसम्म चलेको सो कार्यक्रम कोषका सह-प्रशासक भरतराज वस्तीले आफ्नो मन्तव्य सहित समापन गर्नु भएको थियो ।

# विभागहरूद्वारा विभिन्न तालिम कार्यक्रम सम्पन्न

योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागको आयोजनामा २०८० माघ ६ गतेका दिन एक दिवसीय सम्पति शुद्धीकरणसम्बन्धी तालीम आयोजना गरिएको छ । सम्पति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण (AML/CFT) विषयक सो तालिम कार्यक्रममा कोषका ४७ जना अधिकृत कर्मचारीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा नेपाल राष्ट्र बैङ्क वित्तीय जानकारी इकाई (FIU) का निर्देशक दीर्घ बहादुर रावल र बैङ्क सुपरभिजन विभागका उप-निर्देशक अभियान उपाध्याय र सम्पति शुद्धीकरण अनुसन्धान विभागका अधिकारी प्रकाशचन्द्र सापकोटा स्रोत व्यक्तिका रुपमा सहभागी हुनु भएको थियो ।



त्यसैगरी कोष व्यवस्थापन विभाग कोषका सबै शाखा कार्यालय तथा उपत्यका बाहिरका सेवा केन्द्रको सहभागितामा माघ ८ र २५ गते दुई दिवसीय तालिम तथा अभिमुखीकरण कार्यक्रम काठमाडौँमा सम्पन्न गरेको छ । त्यस्तै निवृत्तभरण तथा सामाजिक सुरक्षा विभाग, सञ्चयकर्ता सेवा विभाग र सञ्चकर्ता कर्जा विभागले पनि आ.व. २०८०/८१ को तेश्रो त्रैमासमा विभिन्न तालीम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेका छन् ।

## १६८ जना कर्मचारीलाई तालिम

कोषले आर्थिक वर्ष २०८०/८१ को तेस्रो त्रैमाससम्म १६८ जना कर्मचारीलाई तालिम प्रदान गरेको छ । जसमा १६० जना कर्मचारी स्वदेशी तथा ८ जना कर्मचारी वैदेशिक तालिममा मनोनयन भई दक्षता हासिल गर्नु भएको छ ।


# सञ्चयकर्ता सन्तुष्टि सर्वेक्षण सम्पन्न

योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागले सञ्चयकर्ता सन्तुष्टि सर्वेक्षण सम्पन्न गरेको छ । कोषका विभिन्न कार्यालयहरुमा प्रश्नावली पठाई कोषले प्रदान गर्ने सेवा सुविधा सम्बन्धी सञ्चयकर्ताको जानकारी एवं सन्तुष्टी स्तरबारे बुझ्ने प्रयास स्वरूप गरिएको सो सर्वेक्षणमा विभिन्न पेशा एवं क्षेत्रका ५५० जना सञ्चयकर्ताको Sampling size का रूपमा लिइएको थियो । सो अध्ययन बाट अझै पनि ठूलो संख्यामा सञ्चयकर्ता कोषले प्रवाह गरिरहेका सेवा सुविधा र सो प्राप्त गर्ने प्रक्रियागत जानकारी नरहेका पाइएको छ । आगामी दिनमा कोषले आफ्ना सेवा सुविधाबारे थप प्रचार प्रसार गर्नुपर्ने देखिएको छ ।

**सञ्चयकर्ता सन्तुष्टि सर्वेक्षण अध्ययन प्रतिवेदन**
**२०८०**


**योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग**
**कर्मचारी सञ्चय कोष**
**पुल्चोक, ललितपुर**

# ONSITE KYC



सञ्चयकर्ता सेवा विभागले विभिन्न स्थानमा Onsite KYC अद्यावधिक कार्य सम्पन्न गरेको छ । सोही शिलसिलामा विभागका कर्मचारी नं १ विपद व्यवस्थापन गण, सुन्दरीजल लगायत नेपाली सैनिक प्रतिष्ठान खरिपाटी ब्यारेक र नं. १ सैन्य तालिम केन्द्र मैथली शिविर, त्रिशुली ब्यारेकमा गई एक हजार बढी सञ्चयकर्ताको नयाँ KYC तथा KYC अद्यावधिक कार्य सम्पन्न गरेका थियो । सो अवसरमा कोषका कर्मचारीले कोषले प्रदान गर्ने विविध सेवा सुविधाका बारेमा जानकारी समेत गराएको थियो ।

# कोषको मुनाफा रकम वितरण




कोषले आफ्ना सञ्चयकर्तालाई मुनाफा रकम वितरण गरेको छ । कोष सञ्चालक समितिको मिति २०८० चैत्र २७ को वैठकवाट सञ्चय कोषका सञ्चयकर्ता तथा निवृत्तभरण कोषका योगदानकर्तालाई आर्थिक वर्ष २०७९/८० को व्यक्तिगत खातामा रहेको शुरू मौज्दात रकममा १.१० प्रतिशतका दरले हुन आउने रकम मुनाफाको रूपमा जम्मा गर्ने निर्णय भएको हो । सो बमोजिम कोषले रू. ४ अर्ब ५० करोड ४६ लाख रकम आफ्ना ६ लाख ६९ हजार बढी सञ्चयकर्ता तथा योगदानकर्ताको व्यक्तिगत खातमा जम्मा गरेको छ । कोषले प्रत्येक वर्षको मुनाफावाट केही प्रतिशत रकम सञ्चयकर्ताको लागि खडा गरिएको कोषमा जम्मा गरी विभिन्न प्रकारका सामाजिक सुरक्षा योजना सञ्चालन गर्दै आएको छ ।

कोषको आर्थिक वर्ष २०७९/८० को मुनाफा रकम रू. ६ अर्व ५ करोड रहेको छ । गत आ.ब. मा कोषको मुनाफा ५ अर्ब ५८ करोड रहेको थियो ।

# डिजिटल फाँटबारीमा बढोत्तरी




कोषले अभियानको रूपमा शुरू गरेको डिजिटल फाँटबारी सफलता उन्मुख छ । आ.व. २०८०/८१ को तेश्रो त्रैमाससम्ममा सञ्चयकर्ताको ९९.९९ प्रतिशत फाँटवारी विवरण विद्युतीय माध्यमवाट प्राप्त गरी सम्बन्धित खातामा प्रबिष्टि गरिएको छ । यससँगै म्यानुअलबाट आउने फाँटबारी नगन्य रहन गएको छ र निकट भविष्य मै सत प्रतिशत फाँटबारी डिजिटल रूपमा प्राप्त हुनेमा कोष विश्वस्त रहेको छ ।

# निवृत्तभरणमा ७६ हजार बढी कर्मचारी आबद्ध




कोषमा हालसम्म ७६ हजार जना कर्मचारीको योगदानमा आधारित निवृत्तभरण रकम जम्मा भएको छ । नेपाल सरकारबाट कोष सञ्चालनको जिम्मेबारी पाएसँगै २०७६ साउन महिनाबाट रकम जम्मा हुन शुरू गरेको कोषमा हालसम्म ३ हजार ६ सय ४९ वटा कार्यालयबाट योगदान रकम स्वरूप ८ अर्व ४५ करोड भन्दा बढी रकम संकलन भैसकेको छ । साथै कोषले सञ्चालन गरेका निवृत्तभरण उपदानसम्बन्धी कार्यक्रममा २० वटा संस्था कोषमा आबद्ध भएका छन् ।


# १९ हजार बढी सञ्चयकर्ता सामाजिक सुरक्षा सुविधाबाट लाभान्वित

कोषले आर्थिक वर्ष २०८०/८१ को तेस्रो त्रैमाससम्म सञ्चयकर्तालाई सामाजिक सुरक्षा बापत करिब ४० करोड भन्दा बढी रकम प्रदान गरेको छ । सुत्केरी तथा शिशु स्याहारमा १५ हजार १७ सञ्चयकर्तालाई रू. ११ करोड २६ लाख बढी, काजकिरिया अनुदानस्वरूप पाँच सय ३४ आश्रित परिवारलाई रू. २ करोड १३ लाख र दुर्घटना क्षतिपूति अन्तर्गत ७८ जना सञ्चयकर्तालाई रू. १ करोड ५६ लाख रकम वितरण गरिएको छ । त्यस्तै सञ्चयकर्ता स्वास्थ्य उपचार योजना वापत ४ हजार २ सय ८७ जना सञ्चयकर्तालाई करिब २५ करोड ५२ लाख प्रदान गरिएको छ ।



# ४० हजार बढी विद्युतीय परिचयपत्र वितरण

कोषले आ.व २०८०/८१ को तेश्रो त्रैमाससम्ममा ४० हजार १ सय ५६ विद्युतीय परिचयपत्र वितरण गरेको छ । कोषले प्रदान गर्ने सेवा सुविधालाई थप सहज, भरपर्दो एवं विश्वशनीय बनाउनका लागि विद्युतीय परिचय पत्रले सहयोग पुग्ने विश्वास लिइएको छ । कोषले अवको ४ वर्षभित्र सम्पूर्ण सञ्चयकर्तालाई विद्युतीय परिचयपत्र वितरण गर्ने लक्ष्य लिएको छ ।




# कोषको क्यालेण्डर प्रकाशित




कोषले नयाँ बर्ष २०८१ को लागि नयाँ भित्ते एवं टेबल क्यालेण्डर प्रकाशन गरेको छ । विभिन्न प्राकृतिक, धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक महत्व बोकेका १३ वटा आकर्षक तस्वीरले क्यालेण्डर सजिएको छ । क्यालेण्डरमा कोषले प्रदान गरिरहेका सेवा सुविधा एवं सूचना र महत्वपूर्ण जानकारी राखिएको छ ।

# सरल सापटी शाखा कार्यालय तथा सेवा केन्द्रबाट प्रदान गरिने

सरल सापटीलाई शाखा कार्यालय तथा सेवा केन्द्रबाट समेत प्रदान गर्न सुरू गरिएको छ । कोषले काठमाडौं उपत्यकामा मात्र उपलब्ध गराउँदै आएको सो कर्जालाई २०८० फागुनदेखि बाहिरी जिल्लामा समेत बिस्तार गरिएको हो । यसभन्दा पहिले सरल चक्र कर्जा नामाकरण गरिएको सो कर्जाको सीमा ४० लाख रहेको छ ।

# २०८१ सालको सार्वजनिक बिदाको सूची

१. वर्षभरिका सबै शनिवार बिदा ।

२. पर्व बिदाहरू:-

२.१ मुलुकभरि सार्वजनिक बिदा हुने पर्वहरू:-

(क) नव वर्ष - वैशाख १ गते शनिबार ।
(ख) रामनवमी - वैशाख ५ गते बुधबार ।
(ग) चण्डी पूर्णिमा (वैशाख पूर्णिमा), बुद्ध जयन्ती, राई, लिम्बू, याक्खा, सुनुवार लगायतका किराँत समुदायको उभौली पर्व - जेठ १० गते बिहीबार ।
(घ) रक्षाबन्धन - भदौ ३ गते सोमबार ।
(ङ) श्रीकृष्ण जन्माष्टमी - भदौ १० गते सोमबार ।
(च) घटस्थापना - असोज १७ गते बिहीबार ।
(छ) दशै बिदा:
असोज २४ गते बिहीबारदेखि असोज २८ गते सोमबारसम्म (फूलपातीदेखि द्वादशीसम्म) ।
(ज) तिहार बिदा (कात्तिक १५ गते बिहीबारदेखि कात्तिक १९ गते सोमबारसम्म):-
- लक्ष्मी पूजा - कात्तिक १५ गते बिहीबार ।
- म्हपूजा, नेपाल संवत् प्रारम्भ, गोवर्धन पूजा - कात्तिक १७ गते शनिबार ।
- भाइ टीका/किजा पूजा - कात्तिक १८ गते आइतबार ।
(झ) छठ पर्व - कार्तिक २२ गते बिहीबार ।
(ञ) इसाई धर्मावलम्बीहरूको पर्व क्रिसमस डे, (डिसेम्बर २५) - पुस १० गते बुधबार ।
(ट) धान्य पूर्णिमा - किराँत समुदायको उधौली पर्व, योमरी पुन्हि (ज्यापू दिवस) - मङ्सिर ३० गते आइतबार ।
(ठ) तमु ल्होसार - पुस १५ गते सोमबार ।
(ड) माघी पर्व/माघे सङ्क्रान्ति - माघ १ गते मङ्गलबार ।
(ढ) सोनम ल्होसार - माघ १७ गते बिहीबार ।
(ण) महाशिवरात्री - फागुन १४ गते बुधबार ।
(त) हिमाली आदिवासी शेर्पाहरूले मनाउने ग्याल्पो ल्होसार - फागुन १६ गते शुक्रबार ।
(थ) इस्लाम धर्मावलम्बीहरूको पर्व ईद (ईद उल फित्र) का दिन ।
(द) इस्लाम धर्मावलम्बीहरूको पर्व बकर ईद (ईद उल अजहा) का दिन ।
(ध) फागुपूर्णिमा - (काठमाण्डौ उपत्यका, धनकुटा, पोखरा, हेटौडा र सुर्खेत कार्यालयहरू - फागुन २९ गते बिहीबार) र (धनगढी, कोहलपुर, बुटवल, जनकपुर र विराटनगर कार्यालयहरू - चैत्र १ गते शुक्रबार )

२.२ सम्बन्धित धर्म, संस्कृति, भौगोलिक क्षेत्र र स्थान विशेषका लागि मात्र हुने सार्वजनिक पर्व बिदाहरू:-

(क) गाईजात्रा - भदौ ४ गते मंगलबार (देशभरका नेवार समुदायका लागि मात्र) ।
(ख) गौरा पर्व - भदौ १० गते सोमबार ।
(ग) सिरूवा पावनीको दिन - सो पर्व मनाउने झापा, मोरङ, सुनसरी, सिराहा र सप्तरी जिल्लामा ।

३. महिला कर्मचारीहरूको लागि मात्र:-

(क) हरितालिका(तीज) व्रत - भदौ २१ गते शुक्रबार ।
(ख) जितिया पर्व - असोज ९ गते बुधबार (जितिया पर्व मनाउने महिला कर्मचारीको लागि) ।

४. जात्रा बिदा (काठमाण्डौ उपत्यकालाई मात्र):

(क) गाईजात्रा - भदौ ४ गते मङ्गलबार ।
(ख) इन्द्रजात्रा - असोज १ गते मंगलबार ।
(ग) मत्स्येन्द्रनाथको भोटो देखाउने जात्रा (सो जात्रा हुने दिन) ।
(घ) घोडेजात्रा - चैत १६ गते शनिबार ।

५. दिवस बिदा:

५.१ मुलुकभरी सबैलाई हुने सार्वजनिक दिवस बिदाहरू:-
(क) विश्व मजदुर दिवस - (मे १) वैशाख १९ गते बुधबार ।
(ख) गणतन्त्र दिवस - जेठ १५ गते मङ्गलबार ।
(ग) संविधान दिवस (राष्ट्रिय दिवस) - असोज ३ गते बिहीबार ।
(घ) सहिद दिवस - माघ १६ गते बुधबार ।
(ङ) राष्ट्रिय प्रजातन्त्र दिवस - फागुन ७ गते बुधबार ।
(च) अन्तर्राष्ट्रिय महिला दिवस (मार्च ८) - फागुन २४ गते शनिबार ।

५.२ अपाङ्गता भएका कर्मचारीहरूको लागि मात्र:-
अन्तर्राष्ट्रिय अपाङ्गता दिवस, (डिसेम्बर ३) मङ्सिर १८ गते मङ्गलबार (अपाङ्गता भएका कर्मचारीहरुको लागि मात्र) ।

६. जन्मजयन्ती बिदा:-

६.१ मुलुकभरि सबैलाई हुने सार्वजनिक जन्मजयन्ती बिदा:-
(क) बुद्ध जयन्ती - जेष्ठ १० गते बिहीबार ।
(ख) पृथ्वी जयन्ती ( राष्ट्रिय एकता दिवस) -पुस २७ गते शनिबार ।

६.२ सम्बन्धित धर्मावलम्बीहरूका लागि मात्र:-
(क) फाल्गुनन्द जयन्ती - कात्तिक २५ गते आइतबार (किराँत धर्मावलम्बी) ।
(ख) मोहम्मद जयन्तीका दिन (नेपाली मुस्लिम धर्मावलम्बी) ।
(ग) गुरू नानक जयन्ती - कात्तिक ३० गते शुक्रबार (नेपाली सिख धर्मावलम्बी) ।

७. कार्यालय हाजिर हुने र छुट्ने समय:-

(क) २०८१ बैशाख १ गतेदेखि २०८१ कात्तिक १५ गतेसम्म तथा २०८१ माघ १६ गतेदेखि २०८१ चैत मसान्तसम्म बिहान १०:०० बजेदेखि अपरान्ह ५:०० बजेसम्म र २०८१ कात्तिक १६ गते देखि २०८१ माघ १५ गतेसम्म बिहान १०:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म हुने ।
(ख) प्रत्येक शुक्रबार बिहान १०:०० बजे देखि अपरान्ह १:३० बजे सम्म हुने ।

८. खाजा समय:

कार्यालय समयको १:३० बजे देखि २:०० बजेसम्म खाजा खाने समय कायम गर्ने ।

९. नेपाल सरकारले नेपाल राज्यभर आकस्मिक रूपमा सार्वजनिक बिदाको घोषणा गरेमा सो दिन कोषमा बिदा हुनेछ ।

१०. सम्बन्धित प्रदेश सरकारले प्रदेशस्तरमा घोषणा गरेको बिदा सोही प्रदेशमा रहेको कोषको शाखा कार्यालय/सेवा केन्द्रको हकमा मात्र लागू हुनेछ ।

११. २०८१ भाद्र ३१ गते कोषको वार्षिकोत्सव पर्ने भएकोले सो दिन कोषको बाह्य कारोबार बन्द हुनेछ ।

## शाखा कार्यालय बुटवल

# अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम र Onsite KYC अद्यावधिक कार्यक्रम सम्पन्न

शाखा कार्यालय बुटवलले आफ्नो क्षेत्र अन्तर्गतका विभिन्न सञ्चयकर्ता कार्यालयहरूमा सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम र Onsite KYC अद्यावधिक गर्ने कार्यक्रमहरू सम्पन्न गरेको छ ।

शाखा कार्यालय बुटवलद्वारा मिति २०८० फागुन २१ मा श्री शम्शेर दल गण, गोरूसिङ्गे, कपिलबस्तुमा आयोजित सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रममा सो गणमा कार्यरत नेपाली सेनाका सैन्य कर्मचारीहरूलाई कोषको परिचय, उपयोगिता, कोषले सञ्चयकर्ताहरूलाई प्रदान गर्ने सुबिधाहरू तथा सो को प्रक्रिया, व्यक्तिगत KYC, लगायतका विषयमा अभिमुखीकरण गर्नुका साथै सहभागीहरूका विभिन्न जिज्ञासाहरूको समाधान गरिएको उक्त अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रममा करिब ८० जना सैन्य कर्मचारीहरूको सहभागिता रहेको थियो । सा अवसरमा गणमा कार्यरत सैन्य कर्मचारीहरूको Onsite KYC अद्यावधिक गर्ने कार्य समेत सम्पन्न गरेको हो ।

त्यस्तै मिति २०८० फागुन २६ श्री गोरखदल गण, रामग्राम, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) र मिति २०८० चैत २ गते श्री लक्ष्मी स्टिल्स् लि., सुनवल न.पा., नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) मा सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम र Onsite KYC अद्यावधिक गर्ने कार्यक्रमहरू सम्पन्न गरेको छ । शाखा कार्यालयद्वारा श्री गोरखदल गण, रामग्राम, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) मा आयोजित सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रममा उक्त गणमा कार्यरत करिब १०० जना सञ्चयकर्ताहरूको सहभागिता रहेको थियो र सो गणमा कार्यरत सैन्य कर्मचारीहरूको Onsite KYC अद्यावधिक गर्ने कार्य समेत सम्पन्न गरिएको थियो ।

श्री लक्ष्मी स्टिल्स् लि., सुनवल न.पा., नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) परिसरमा आयोजित सञ्चयकर्ता अभिमुखीकरण तथा






अन्तरक्रिया कार्यक्रममा उक्त कार्यालयमा कार्यरत करिब ८५ जना सञ्चयकर्ताहरूको सहभागिता रहेको थियो । उपरोक्त अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रमको साथसाथै सो कार्यालयमा कार्यरत कर्मचारीहरूको Onsite KYC अद्यावधिक गर्ने कार्य समेत सम्पन्न गरिएको थियो ।

# शाखा कार्यालय हेटौडा

## अन्तरक्रिया कार्यक्रम सम्पन्न






शाखा कार्यालय हेटौडाले सुनाचुरी ब्यारेक, मकवानपुरमा २०८० चैत ९ गते एक अन्तरक्रियाको क्रममा सञ्चालन गरेको छ । कार्यक्रममा कोषका कर्मचारीलाई कोषको परिचय, कोषले सञ्चयकर्ताहरूलाई प्रदान गर्ने सेवा सुविधाहरू तथा सो प्राप्त गर्ने प्रक्रिया, व्यक्तिगत KYC, लगायतका विषयमा जानकारी प्रदान गर्नुका साथै सहभागीहरूका विभिन्न जिज्ञासाहरूको समाधान गरिएको थियो ।

# शाखा कार्यालय धनगढी

## सञ्चयकर्ता अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम



शाखा कार्यालय धनगढीले कञ्चनपुर जिल्लास्थित दोधरा चाँदनी नगरपालिका र नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूसँग कोषले प्रदान गर्ने सेवा सुविधाबारे प्रचारप्रसारका लागि २०८० चैत २८ गते सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । उक्त कार्यक्रममा नगरपालिका अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरू, सामुदायिक विद्यालयका प्राध्यापक र विद्यालयका लेखाका कर्मचारीहरू सहित करिब ७० जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा शाखा कार्यालय धनगढीका कार्यालय प्रमुख सन्तोष पौड्यालले कोषले प्रदान गर्ने सञ्चयकर्ता कर्जा, सापटी, सामाजिक सुरक्षा, व्यक्तिगत तथा कार्यालय KYC र डिजिटल फाँटवारी सम्बन्धमा प्रस्तुतीकरण, सहायक प्रबन्धक तारा कुमारी जोशी र प्रमुख सहायक रूपराज जोशीले सहजीकरण गर्नुभएको ।

कार्यक्रममा विभिन्न विद्यालयका शिक्षक र नगरपालिकाका कर्मचारीहरूले कोषको घर सापटी, सञ्चयकर्ता औषधी उपचार कार्यक्रम सम्बन्धमा विभिन्न जिज्ञासा राख्नुको साथसाथै अधिकांश सञ्चयकर्ताले घर सापटी कार्यक्रमको क्षेत्र विस्तार दोधरा चाँदनी नगरपालिकामा समेत हुनु पर्ने माग राख्नु भएको थियो ।

उक्त कार्यक्रमको प्रमुख अतिथिको रूपमा रहनुभएका दोधरा



चाँदनी नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत हरिदत्त जोशीले महाकाली पारिको बिकट मानिने नगरपालिकामा आएर कार्यक्रम गर्नुभएकोमा सम्पूर्ण नगरपालिका र सामुदायिक विद्यालयको तर्फबाट कर्मचारी सञ्चय कोषलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो । सामुदायिक विद्यालयको तर्फबाट भानु माध्यमिक विद्यालयका प्राध्यापक वेद प्रसाद उपाध्यायले कोषको सेवा सुविधा र सेवा प्राप्त गर्ने प्रक्रिया सम्बन्धमा जानकारी पाउँदा खुसी लागेको बताउनु भयो ।

# Onsite-KYC अद्यावधिक कार्य सम्पन्न

शाखा कार्यालय धनगढीले डोटी जिल्ला, सिलगढीस्थित नेपाली सेनाको भैरव प्रसाद गणमा २०८० फागुन १२ र १३ गते Onsite-KYC अद्यावधिक कार्य सम्पन्न गरेको छ । गणका नवनियुक्त करिब ११० शैन्य कर्मचारीहरूको व्यक्तिगत KYC अद्यावधिक गरिएको हो ।

सोही समयमा गणमा नयाँ नियुक्त र कार्यरत सैनिक अधिकारीहरू समक्ष कोषले प्रदान गर्ने सञ्चयकर्ता सापटी, कर्जा र सामाजिक सुरक्षा लगायत सुविधा र सो प्राप्त गर्ने प्रक्रिया सम्बन्धमा शाखा कार्यालय धनगढीका का.मु सहायक प्रबन्धक वेद प्रकाश रावल र सहायक संघर्ष श्रेष्ठले प्रस्तुतीकरण गर्नु भएको थियो । यसै क्रममा सहभागीले कोषको सेवा सुविधा प्राप्त गर्ने प्रक्रियाको सम्बन्धमा राखेको जिज्ञासा तथा गुनासोलाई सम्बोधन गर्नु गरिएको थियो ।

उक्त कार्यक्रमको प्रमुख अतिथिको रूपमा रहनुभएका भैरव प्रसाद गणका गणपति परीक्षित देउवाले कोषले Onsite KYC अद्यावधिक र सेवा सुविधा सम्बन्धमा जानकारी प्रदान गरेकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।

# शाखा कार्यालय पोखरा

## सेवा–सुविधासम्बन्धी जानकारी प्रदान



शाखा कार्यालय पोखराद्वारा सञ्चयकर्तालाई कोषका बारेमा विभिन्न जानकारी प्रदान गरिएको छ । मिति २०८० फागुन ९, १६ र १७ गते कास्की जिल्ला, मिति २०८० फागुन २७ देखि २९ सम्म बाग्लुङ्ग र तनहुँ जिल्ला र मिति २०८० चैत्र ७ देखि १० सम्म लम्जुङ्ग, तनहुँ र गोरखाका विभिन्न कार्यालयमा कर्मचारी सञ्चय कोषबाट प्रवाह हुने सेवा सुविधा र सोको प्रक्रियासम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

## KYC अद्यावधिक कार्य सम्पन्न



शाखा कार्यालय पोखराद्वारा विभिन्न जिल्लामा Onsite KYC अद्यावधिक गर्ने कार्य सम्पन्न गरिएको छ । यसै सिलसिलामा मिति २०८० फागुन ९, १६ र १७ गते श्री भगवती दल गण पोखरा, श्री पश्चिम पृतना विजयपुर पोखरा श्री रेन्जर गण कास्कीमा ३१५ जना सञ्चयकर्ताको स्थलगत KYC अद्यावधिक गरिएको छ । त्यसैगरी मिति २०८० फागुन २७ देखि २९ गते सम्म श्री मेहर गण घोडावाधे बाग्लुङ्ग र श्री कालिभञ्जन गण (ई) चापाघाट तनहुँमा २२५ जना सञ्चयकर्ताको स्थलगत KYC अद्यावधिक गरिएको छ । मिति २०८० चैत्र ७ देखि १० सम्म श्री रूरू भैरवदल गण हात्तिचौर ब्यारेक तनहुँ, श्री चण्डी प्रसाद गण उदिपुर व्यारेक लम्जुङ्ग र श्री रिपुमर्दन गण नाम्जालीडाँडा व्यारेक गोरखाका ३२० जना सञ्चयकर्ताको स्थलगत KYC अद्यावधिक गरिएको छ ।

# शाखा कार्यालय विराटनगर

## KYC तथा डिजिटल परिचय पत्रसम्बन्धी कार्य सम्पन्न



शाखा कार्यालय विराटनगरद्वारा मिति २०८० चैत्र १७ पुर्वी पृतना हेडक्वाटर इटहरीमा KYC अद्यावधिक तथा डिजिटल परिचय पत्रसम्बन्धी कार्य सम्पन्न गरिएको छ । सो अवसरमा नवनियुक्त १०५ जना सैन्य जवानहरूको KYC अद्यावधिक तथा




डिजिटल परिचयपत्र प्रिन्ट गर्नको लागि आवश्यक कागजात संकलन कार्य सम्पन्न गरिएको थियो । नवनियुक्त सैन्य जवान, लेखामा काम गर्ने अधिकृत तथा जवानहरु समेतको उपस्थितिमा कर्मचारी सञ्चय कोषले प्रदान गर्ने सेवा सुविधा र उक्त सेवा सुविधा लिनको लागि आवश्यक कागजात तथा प्रक्रिया सम्बन्धमा जानकारी प्रदान गर्ने उद्देश्यले सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम समेत गरिएको थियो ।

कार्यक्रममा शाखा कार्यालय विराटनगरको तर्फबाट कार्यालय प्रमुख राम शरण अर्याल, प्रमुख सहायक सुरेन्द्र प्रसाद दास, प्रमुख सहायक (अन्य) राम चन्द्र पोखरेलको सहभागिता रहेको थियो भने नेपाली सेनाको तर्फबाट लेखा प्रमुख (सेनानी) कमल भण्डारी, धर्म राज थापा लगायत १०५ जना नव नियुक्त सैनिक जवानहरू, अधिकृत तथा अन्य सैन्य पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

सो कार्यक्रममा कार्यालय प्रमुख राम शरण अर्यालको तर्फबाट कर्मचारी सञ्चय कोषबाट प्रदान गरिने सेवा सुविधा, Individual KYC लिने तरिका, Office KYC गर्ने तरिका, Individual KYC, Online विशेष सापटी लिनको लागि पुरा गर्नुपर्ने प्रक्रिया, Connect IPS बाट सापटी भुक्तानी गर्ने तरिका, Digital फाँटवारी पठाउने तरिका र सञ्चयकर्ताको Individual KYC मा भएको विवरणसँग PAN मा भएको विवरण, बैंक खातामा विवरण तथा मोबाइल सिमकार्डमा भएको विवरण नमिल्नाको कारण र सो विवरण सच्याउनको लागि पुरा गर्नुपर्ने प्रक्रिया, सोको महत्व र त्यसले पार्ने असरको बारेमा जानकारी प्रदान गरिएको थियो ।

# वीरेन्द्रनगर सुर्खेतमा अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न




शाखा कार्यालय सुर्खेतले २०८१ बैशाख १८ मा कर्णाली प्रदेश प्रहरी कार्यालय वीरेन्द्रनगरमा अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । सञ्चयकर्तालाई कोषको सेवा सुविधाहरूका बारेमा जानकारी गराउने उद्देश्यले सो कार्यक्रम आयोजना गरिएको हो । उक्त कार्यक्रममा प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक लालमणि आचार्य, प्रहरी वरिष्ठ उपरीक्षक वीर बहादुर ओली, कर्णाली ट्राफिक प्रहरी प्रमुख प्रहरी उपरीक्षक राम प्रकाश शाह, कर्णाली प्रदेश प्रहरी गण प्रमुख प्रहरी उपरीक्षक नेत्र मणि गिरी, अन्य प्रहरी वरिष्ठ अधिकृतहरू र सकल प्रहरी जवानहरूसहित ८० जना भन्दा बढी



सहभागीहरूको उपस्थितिमा अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको हो । सो कार्यक्रममा शाखा कार्यालय सुर्खेतबाट कार्यालय प्रमुख रवि तामाङ्ग, उप प्रवन्धक भरत कुमार साउद, सहायक प्रवन्धक विन्दु पाण्डे पन्थ र का.मु. सहायक प्रवन्धक रामचन्द्र घिमिरेको उपस्थिति थियो ।

शाखा कार्यालयका प्रमुख रवि तामाङ्गका अध्यक्षतामा भएको उक्त कार्यक्रममा प्रमुख अतिथि कर्णाली प्रदेश प्रमुख प्रहरी नायब महानिरीक्षक लालमणि आचार्य, विशेष अतिथि कर्णाली प्रदेश प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक वीर बहादुर ओली, अतिथिहरू कर्णाली प्रदेश ट्राफिक प्रहरी प्रमुख प्रहरी उपरीक्षक राम प्रकाश शाह, कर्णाली प्रदेश प्रहरी गण प्रमुख प्रहरी उपरीक्षक नेत्र मणि गिरी रहनु भएको थियो ।

कार्यक्रममा कोषका उपप्रवन्धक भरत कुमार साउदले कोषको सेवा प्रवाह, कोषले सञ्चयकर्ताहरूलाई उपलब्ध गराउँदै आएको विभिन्न सापटी सुविधाहरू तथा सामाजिक सुरक्षा कार्यक्रम बारे जानकारी दिनु भएको थियो । त्यस्तै सहायक प्रवन्धक विन्दु पाण्डे पन्थले योगदानमूलक निवृत्तभरण सम्बन्धमा प्रकाश पार्नु भएको थियो । सो कार्यक्रममा कोषको तर्फबाट सहभागीहरूका जिज्ञासाहरूको सम्बोधन गरिएको थियो । प्रमुख अतिथि कर्णाली प्रदेश प्रमुख प्रहरी नायव महानिरीक्षक लालमणि आचार्यले कार्यक्रमले आफूहरूमा रहेको जिज्ञासा समाधान गरेको बताउनु हुँदै उक्त अभिमुखीकरण कार्यक्रम कर्णाली प्रदेश प्रहरी कार्यालयमा आयोजना गरेकोमा कोषलाई धन्यवाद दिनुभएको थियो । कार्यक्रका सभापति तथा कोष शाखा कार्यालय सुर्खेतका प्रमुख रवि तामाङ्गले सञ्चयकर्ताहरूको हित तथा सन्तुष्टीका लागि कोषले लिएका नीति तथा कार्यक्रमहरूको जानकारी दिनु हुँदै कर्मचारी सञ्चय कोष र प्रहरी संगठन बीचको सम्बन्धको चर्चा गर्नु भएको थियो ।

शाखाले आर्थिक वर्ष २०८०/८१ को लागि लक्षित विशेष कार्यक्रमहरू अन्तर्गत सम्पन्न गर्नु पर्ने चार वटा सञ्चयकर्ता अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम मध्ये अन्य तीन वटा अन्तरक्रिया कार्यक्रम कर्णाली प्रदेशका विभिन्न जिल्लाहरू रूकुम पश्चिम, सल्यान र जुम्लामा आयोजना गरी सम्पन्न गरिसकेको छ । चार कार्यक्रमहरू मध्ये चौथो कार्यक्रमको रूपमा कर्णाली प्रदेश प्रहरी कार्यालय वीरेन्द्रनगर सुर्खेतमा सो कार्यक्रम गरिएको हो बारे जानकारी गराउनु भएको थियो ।

# शाखा कार्यालय धनकुटा

## घुम्ती सेवा सञ्चालन



शाखा कार्यालय धनकुटाले संखुवासभा जिल्लाको सदरमुकाम खाँदबारीमा फागुन ११ र १२ गते दुई दिवसीय घुम्ति सेवा सञ्चालन गरेको छ । शाखा कार्यालय धनकुटाको आयोजनामा जिल्ला प्रशासन कार्यालयमा सुरू भएको घुम्ति सेवाबाट सात सय ७८ जना सञ्चयकर्ता लाभान्वित भएका छन् । सो अवसरमा सञ्चयकर्ता डिजिटल परिचयपत्र वितरण तीन सय ७७ जना, नयाँ परिचय पत्र नम्बर वितरण ११ जना, Individaul KYC विवरण अद्यावधिक ३७२ जना, Office KYC Update ५ जना, DTA मार्फत विशेष सापटी १ जना, DTA मार्फत छुट भुक्तानी १ जना, सुत्केरी तथा शिशु स्याहार सुविधा १३ जना, कोषकट्टी रकमा खाता एकीकरण ८ जना गरी कुल सात सय ७८ जना सञ्चयकर्ताले सेवा लिएका थिए ।

## अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न



सेवा केन्द्र धनकुटाले संखुवासभाको खाँदबारीमा फागुन ११ गते एक अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको छ । सो कार्यक्रममा संखुवासभा तथा वरपरका कार्यालयबाट ८५ जनाको सहभागिता रहेको थियो। । सो अवसरमा कोषले प्रदान गर्ने सेवा सुविधाका बारेमा सोधिएका जिज्ञासाको समाधान समेत गरिएको थियो । कोषका तर्फबाट कार्यक्रममा छ जना कर्मचारी सहभागी हुनु भएको थियो ।

# सुरक्षित भविष्यको लागि सञ्चय कोष तथा निवृत्तभरण कोष

**कर्मचारी सञ्चय कोष सम्पूर्ण सञ्चयकर्ता तथा निवृत्तभरण योजनाका योगदानकर्ताको सन्तुष्टि प्रति सदैव समर्पित रहने संकल्प सहित कोषका सेवा तथा सुविधालाई थप गुणस्तरीय र दिगो बनाउने प्रतिवद्धता व्यक्त गर्दछ ।**

## (१) कोषका कार्यालयहरु :

**(क) केन्द्रीय कार्यालय:** पुल्चोक, ललितपुर

**(ख) मुख्य कार्यालय :** त्रिदेवीमार्ग, ठमेल
लगनखेल, ललितपुर

**(ग) शाखा कार्यालय:** विराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत र धनगढी

**(घ) सेवा केन्द्र:** धनकुटा, सिंहदरबार र लगनखेल

## (२) संख्यात्मक विवरण :

| विवरण | योगदानकर्ता | योगदानकर्ता कार्यालय |
|---|---|---|
| सञ्चय कोष | ५ लाख ८२ हजार | २७ हजार ६ सय |
| निवृत्तभरण कोष | ६३ हजार ३ सय | ३ हजार २ सय |

## (३) आ.व. २०७९/८० को वित्तीय अवस्था :

| विवरण | सञ्चय कोष | निवृत्तभरण कोष | जगेडा कोष तथा बचत | दायित्वहरु | कूल स्रोत | कुल लगानी |
|---|---|---|---|---|---|---|
| रकम रु. अर्वमा | ४६५.०२ | ६.३५ | ३६.८२ | ६.०९ | ५१४.२९ | ५०८.६२ |

## (४) वित्तीय सुविधाहरु :

**(क) ब्याज तथा मुनाफा :** सञ्चय कोष तथा निवृत्तभरण कोषमा ब्याज दर: ७.५ प्रतिशत, मुनाफा(आ.व. २०७९/८० को): १.१० प्रतिशत

**(ख) सापटी सुविधा:**

| विवरण | विशेष सापटी | घर सापटी | शैक्षिक सापटी | सरल सापटी | घर मर्मत सापटी | जग्गा खरिद सापटी |
|---|---|---|---|---|---|---|
| सापटी सीमा | सञ्चय कोष रकमको ९० प्रतिशतसम्म | रु.१ करोड सम्म | रु.४० लाखसम्म | रु.४० लाखसम्म | रु.३० लाखसम्म | रु. १ करोडसम्म |
| ब्याजदर (आ.व. २०८०/८१ को लागि) | ८.६० प्रतिशत | ९.२५ प्रतिशत | ९.२५ प्रतिशत | ९.७५ प्रतिशत | ९.२५ प्रतिशत | ९.७५ प्रतिशत |

**(ग) ब्याजमा छुट :** धितोमा आधारित कर्जाको ब्याज त्रैमासिक रुपमा भुक्तानी गरी नियमित गर्ने सञ्चयकर्ताको सम्बन्धित त्रैमासमा ०.२५ प्रतिशतले विन्दुले छुट दिने व्यवस्था गरिएको ।

## (५) सामाजिक सुरक्षा सुविधाहरु:

**(क) सञ्चयकर्ता स्वास्थ्य उपचार योजना :** सञ्चयकर्ता वा निजको पति वा पत्नीको साधारण रोग उपचार गराएको हकमा प्रत्येक आर्थिक वर्षमा रू.१ लाखसम्म र घातक रोग उपचारको हकमा सेवा अवधिभरिमा अधिकतम रु. १० लाखसम्म रकम सोधभर्ना प्रदान गरिने ।

**(ख) सुत्केरी तथा शिशु स्याहार सुविधा :** प्रति प्रसूति रु.७,५०० (नोकरी अवधिमा २ पटक)

**(ग) दुर्घटना क्षतिपूर्ति योजना :** निज वा निजको हकवालालाई रु. २ लाख,

**(घ) काजक्रिया अनुदान :** हकवालालाई रु.४० हजार ।

सम्पादन तथा प्रकाशन: योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग

**कर्मचारी सञ्चय कोष**
पुल्चोक, ललितपुर
फोन नं.: ५०१०१६५, ५०१०१६६